apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २६६ ● पृष्ठः ४ ● २५ असोज २०८३ आइतबार (11 October 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

## प्रादेशिक अस्पताल सिरहामा खरिद प्रक्रियाबिनै स्वास्थ्य सामग्री खरिद

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २४ गते**




प्रादेशिक अस्पताल सिरहामा आवश्यक खरिद प्रक्रिया पूरा नगरी स्वास्थ्य सामग्री खरिद गरिएको विषय सार्वजनिक भएपछि अस्पताल प्रशासनमाथि प्रश्न उठेको छ । व्यवस्थापन समितिको निर्णयबिना तथा बजेट सुनिश्चित नगरी सामग्री खरिद गरिएको विवरण सार्वजनिक भएपछि पारदर्शिता र जवाफदेहितामाथि गम्भीर शंका पैदा भएको छ ।

अपन दैनिकले प्राप्त गरेको विवरणअनुसार बर्दिबासस्थित पञ्चधुरा सर्जिकलबाट गज, बुलेट भायल, माइक्रो टिप्स, रबर सिट, भ्याकु सक तथा सक्षम सेट, भीडीआरएल किट, ह्यान्ड स्यानिटाइजर, डेलिभरी प्याड र न्यानो झोला लगायतका सामग्री खरिद गरिएको छ । तर, खरिद रकम र प्रक्रिया स्पष्ट नभएको भन्दै विवाद चर्किएको छ।

मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल प्रसाद कुशवाहा र सूचना अधिकारी रामनारायण चौधरीको मिलेमतोमा खरिद भएको आरोप छ।

सूचना अधिकारी रामनारायण चौधरीले बजेट सुनिश्चित नभएकाले टेन्डर प्रक्रिया अघि बढाउन सक्ने अवस्था नरहेकाले सामग्री खरिद गरिएको दाबी गरेका छन् ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवकुमार यादवले भने खरिदबारे आफूलाई पूर्वजानकारी नदिइएको बताएका छन् । सामग्री अस्पतालमा आएपछि मात्रै जानकारी पाएको र मन्त्रालयलाई समेत खबर गरेको उनको भनाइ छ। समितिको निर्णयबिना खरिद भएको भन्दै उनले आपत्ति जनाएका छन् ।

यस विषयमा प्रतिक्रिया लिन खोज्दा मेसु डा. कुशवाहाले स्पष्ट जानकारी दिन अस्वीकार गरेका छन् ।

## आज घटस्थापना, घरघरमा जमरा राखिँदै

**अपन दैनिक संवाददाता**

**सिरहा** । नेपालीहरूको महान् पर्व बडादसैंको पहिलो दिन आज घटस्थापना मनाइँदै छ । घटस्थापनासँगै घरघरमा जमरा राखेर शक्तिस्वरूपा दुर्गा भवानीको पूजाआराधना सुरु गरिएको छ।

घटस्थापनाका दिन बिहानै नित्यकर्म गरी नदी, खोला वा आफूलाई पायक पर्ने चोखो स्थानबाट बालुवा वा माटो ल्याएर पूजाकोठा अथवा दसैंघरमा विधिपूर्वक जमरा राख्ने परम्परा छ । जमरा राख्नुअघि पूजाकोठा सफा गरी गाईको गोबरले लिपपोत गर्ने चलनसमेत छ।

धार्मिक मान्यताअनुसार जौ देवी दुर्गाको प्रिय अन्न भएकाले घटस्थापनाका दिन शुद्ध माटोमा जौ छरेर जमरा उमारिन्छ । कतिपय स्थानमा स्थानीय परम्पराअनुसार जौसँगै गहुँ मकै तथा अन्य अन्नसमेत छर्ने चलन छ । विजयादशमीका दिन मान्यजनबाट टीका, जमरा र



आशीर्वाद ग्रहण गर्दा पहेँलो जमरा लगाउने परम्परा छ । जमरालाई समृद्धि, सुख र शुभताको प्रतीकका रूपमा लिइन्छ।

घटस्थापनाका दिन विधिपूर्वक घडा स्थापना गरी त्यसमा देवी दुर्गाको आह्वान गरेर पूजाआराधना गरिने भएकाले यस दिनलाई घटस्थापना भनिएको हो । यससँगै सुरु हुने

बाँकी पृष्ठ ४

## 'हामी आउँदैछौं' भन्दै गाउँ पसेका रास्वपा नेतालाई मधेशबारे यस्तो सुझाव

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २४ गते**

'हामी आउँदैछौं' भन्ने नारासहित जिल्ला दौडाहामा निस्किएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूलाई तराई-मधेशको अवस्थाबारे सोही पार्टीका एक नेताले ध्यानाकर्षण गराएका छन्।

रास्वपा नेता इन्जिनियर सुरेन्द्रनारायण यादवले तराई-मधेश क्षेत्रमा पार्टीको सङ्गठनात्मक सुदृढीकरण, जनविश्वास अभिवृद्धि र आगामी स्थानीय तथा प्रदेशसभा निर्वाचनको तयारीसम्बन्धी नीतिगत सुझावसहित नेतृत्वको ध्यानाकर्षण गराएका हुन्।

उनले पार्टी सभापति रवि लामिछानेसहित अन्य शीर्ष नेताहरूलाई पत्रमार्फत सो सुझाव दिएका छन् । यादवले झापादेखि कञ्चनपुरसम्मका तराईका जिल्लाहरूको सङ्गठनात्मक तथा राजनीतिक अवस्थाको व्यवस्थित अध्ययन गर्न माग गरेका छन् ।

मधेश प्रदेशसहित सम्बन्धित प्रदेश र जिल्ला तहमा स्थानीय प्रतिनिधि, कार्यकर्ता तथा नागरिकसँग प्रत्यक्ष संवाद गर्नुपर्नेमा उनले जोड दिएका छन् । साथै स्थानीय समस्या र जनअपेक्षामा आधारित रहेर निर्वाचनको तयारी र नीतिगत प्राथमिकता निर्धारण गर्नुपर्ने उनको सुझाव छ ।

आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवार छनोटको मापदण्ड, प्रक्रिया र जिम्मेवारी स्पष्ट पार्न यादवले माग गरेका छन्। उनले पार्टीमा लागु भएको 'कुलिङ पिरियड' लगायतका प्रावधान निष्पक्ष र समान रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

पार्टीका केन्द्रीय पदाधिकारी, सङ्गठन विभाग तथा सम्बन्धित प्रदेश र जिल्ला प्रतिनिधिहरूलाई बोधार्थ दिँदै पठाइएको पत्रमा पूर्वी तराईका झापा, मोरङ, सुनसरीदेखि मधेश प्रदेश हुँदै पश्चिमका बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्मको विविधतालाई आगामी निर्वाचन रणनीतिमा समेट्नुपर्ने उल्लेख छ । सम्पूर्ण तराई क्षेत्रमा स्थानीय समुदाय, युवा, महिला, किसान, श्रमिक, व्यवसायी तथा विभिन्न सामाजिक समूहका आवश्यकता र अपेक्षा बुझ्ने संयन्त्र बनाउन यादवले माग गरेका छन्।

तराई-मधेशका विभिन्न क्षेत्रका आवश्यकता र चुनौती फरक-फरक हुन सक्ने भएकाले एकै प्रकारको रणनीतिभन्दा स्थानीय वास्तविकतामा आधारित कार्ययोजना आवश्यक



रहेको उनको बुझाइ छ। उम्मेदवार छनोटको विषय पार्टीको विश्वसनीयता र सङ्गठनात्मक एकतासँग प्रत्यक्ष जोडिने भएकाले यसमा गम्भीर हुन उनले नेतृत्वलाई सचेत गराएका छन्।

उम्मेदवार छनोटसम्बन्धी विधान, आधिकारिक मापदण्ड र प्रक्रियाबारे सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय सङ्गठनलाई बेलैमा जानकारी दिनुपर्ने यादवले बताएका छन् । व्यक्तिगत पहुँच, चिनजान, सिफारिस वा प्रचारमा देखिने उपस्थितिलाई

बाँकी पृष्ठ ३

## २ स्थानमा आगलागी, पशुचौपायासहित घरगोठ नष्ट

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २४ गते**

सिरहाका दुई छुट्टाछुट्टै स्थानमा विद्युत् सर्टसर्किटका कारण आगलागी हुँदा पशुचौपायासहित घरगोठ जलेर नष्ट भएका छन्। आगलागीबाट घरगोठ, अन्नपात, भाँडाकुँडा तथा अन्य सामग्रीमा क्षति पुगेको छ।

गोलबजार नगरपालिका-३ स्थित नेवारकुनी, चोरपाने निवासी गंगा बहादुर सुनुवारको घरगोठमा शुक्रवार राति करिब १२ बजे विद्युत् मिटरमा सर्टसर्किट भई आगलागी भएको हो। आगलागीमा परी एउटा गोरुको मृत्यु भएको छ भने करिब पाँच क्विन्टल अन्नबाली, भाँडावर्तनसहित घरगोठ पूर्ण रूपमा जलेर नष्ट भएको छ।



इलाका प्रहरी कार्यलय गोलबजारले घटना स्थलमा पुगेर क्षतिपूर्ति विवरण सहितको मुचुल्का गर्न पुगेको प्रमुख प्रहरी निरीक्षक दिपक खरेलले बताए। उनले भने,प्रहरी घटना स्थलमा पुगेको छ,मुचुलका गरेर आएपछि मात्र क्षति विवरण लगायत अन्य केही भन्न सकिने बताए ।

त्यसैगरी, विष्णुपुर गाउँपालिका-४ स्थित थल्हा बथान टोलमा पनि विद्युत्को तार सर्ट भएर आगलागी हुँदा तीनवटा पशुचौपायाको जलेर

बाँकी पृष्ठ २






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सडक जलमग्नको दिगो समाधान खोज

सिरहा नगरपालिकाको मुख्य सडकमा सामान्य वर्षा हुनासाथ पानी जम्ने र सडक जलमग्न हुने समस्या लामो समयदेखिको हो । वर्षायाममा मात्रै नभई अन्य सिजनमा पनि थोरै पानी पर्दासमेत सदरमुकामको मुख्य सडकमा पानीको जमाव हुन्छ । जसले गर्दा नगरको सडक तथा ढल व्यवस्थापन प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ । सडकमा पानी जम्दा पैदलयात्री, सवारीचालक, व्यवसायी तथा स्थानीय बासिन्दाले सास्ती खेप्नुपरेको छ । अझ सडकमा जमेको पानीका कारण सवारीसाधन दुर्घटनाको जोखिम बढ्नुका साथै सर्वसाधारणको दैनिक जनजीवनसमेत प्रभावित हुने गरेको छ । यस्तो अवस्था सिरहा नगरपालिकाको सहरी व्यवस्थापन र विकास योजनाका लागि गम्भीर चुनौती हो । सिरहा नगरपालिका स्थापना भएको तीन दशक बितिसकेको छ । तर, नगर क्षेत्रको मुख्य सडक र ढल निकास व्यवस्थापनले अझै व्यवस्थित बन्न सकेको छैन् । नगरपालिकाको विकासलाई सडक कालोपत्रे गर्ने, सडक विस्तार गर्ने वा भौतिक संरचना निर्माण गर्ने कार्यमा मात्र सीमित राख्नु हुँदैन् । सडकसँगै वर्षात्को पानी र घर तथा पसलबाट निस्कने फोहोर पानीको उचित निकासको व्यवस्था गर्नु पनि उत्तिकै आवश्यक छ । ढल निकासको उचित प्रबन्धबिना निर्माण गरिएका सडकले दीर्घकालीन रूपमा नागरिकलाई सुविधा दिन सक्दैनन् । सामान्य वर्षामै पानी जम्ने, सडक बिग्रिने र बस्ती डुबानमा पर्ने समस्या दोहोरिइरहन्छ ।

सडकमा पानी जम्नुको प्रमुख कारणमध्ये व्यवस्थित ढल निकासको अभाव एक हो । यद्यपि, यसको वास्तविक समाधान खोज्न सडकको उचाइ, भिरालोपन, पानी बग्ने प्राकृतिक दिशा, विद्यमान नालाको अवस्था, निकासको क्षमता तथा अन्तिम विसर्जनस्थलको प्राविधिक अध्ययन आवश्यक हुन्छ । पानी बग्ने उपर्युक्त दिशा र बहावको मात्रा निर्धारण नगरी जथाभावी ढल निर्माण गर्दा समस्या समाधान हुनुको सट्टा अर्को स्थानमा पानी जम्ने जोखिम रहन्छ । कतिपय अवस्थामा नाला निर्माण भए पनि पर्याप्त गहिराइ र चौडाइ नहुनु, नालाको नियमित सफाइ नहुनु, निर्माणमा प्राविधिक मापदण्ड पालना नहुनु तथा निकासको अन्तिम बिन्दु सुनिश्चित नहुनुले समस्या थप जटिल बन्न सक्छ । त्यसैले सिरहा नगरपालिकाले टुक्रे र तत्कालीन आवश्यकतामा आधारित योजनाभन्दा दीर्घकालीन, प्राविधिक तथा एकीकृत ढल व्यवस्थापन योजनालाई प्राथमिकता दिनुपर्छ । नगर क्षेत्रको विस्तृत सर्वेक्षण गरी वर्षात्को पानीको बहाव, सडकको ढलान, होचा स्थान, बस्तीको अवस्था र विद्यमान नालाको नक्साङ्कन गर्नुपर्छ । त्यसका आधारमा कुन क्षेत्रमा कति क्षमताको नाला आवश्यक छ, पानी कुन दिशाबाट बगाएर कहाँ पुऱ्याउने र अन्तिम निकास कसरी सुनिश्चित गर्ने भन्ने विषयमा स्पष्ट योजना तयार गर्नुपर्छ । इन्जिनियरिङ अध्ययनसहितको गुरुयोजना बनाई त्यसलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्नुपर्छ ।

यससँगै वर्षात्को पानी र घर तथा पसलबाट निस्कने फोहोर पानीको व्यवस्थापनलाई पनि प्राविधिक रूपमा स्पष्ट छुट्याउनुपर्छ । वर्षात्को पानीको बहाव सहज बनाउने संरचना र फोहोर पानीको सुरक्षित निकासका लागि आवश्यक प्रणालीको योजना समन्वयात्मक रूपमा तयार गरिनुपर्छ । ढल निर्माण गर्दा पानीको बहाव क्षमता, नालाको ढलान, संरचनाको टिकाउपन, सरसफाइका लागि पहुँच र वातावरणीय प्रभावलाई ध्यान दिनुपर्छ । साथै, निर्माण सम्पन्न भएपछि नालाको नियमित सफाइ, अवरोध हटाउने व्यवस्था र मर्मतसम्भारका लागि स्पष्ट जिम्मेवारी निर्धारण गर्नुपर्छ । योजना निर्माणमा मात्र होइन, त्यसको सञ्चालन र संरक्षणमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ । यसका लागि नगरपालिकाले सम्बन्धित प्राविधिक निकाय, विज्ञ, स्थानीय उपभोक्ता, व्यवसायी तथा नागरिकसँग समन्वय गर्नुपर्छ । मुख्य सडक र बढी जोखिम भएका टोलबस्तीलाई प्राथमिकतामा राखेर तत्कालीन सुधारका काम गर्नुपर्छ । तर, तत्काल पानी निकासका लागि गरिने कामले दीर्घकालीन गुरुयोजनालाई अवरुद्ध गर्नु हुँदैन् । प्रत्येक सडक निर्माण वा पुनर्निर्माण गर्दा त्यससँग सम्बन्धित ढल निकासको योजना पनि अनिवार्य रूपमा समावेश गरिनुपर्छ । बजेट विनियोजन, निर्माणको गुणस्तर, ठेक्का व्यवस्थापन र कामको प्रगतिको नियमित अनुगमनले योजनाको प्रभावकारिता बढाउन सक्छ ।

ढल व्यवस्थापनमा नागरिकको भूमिका पनि महत्वपूर्ण हुन्छ । नालामा फोहोर फाल्ने, प्लास्टिक तथा अन्य वस्तुले पानीको बहाव अवरुद्ध गर्ने र सार्वजनिक निकासमा अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । नगरपालिकाले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै नालाको सरसफाइलाई नियमित कार्यतालिकाअनुसार अघि बढाउनुपर्छ । नागरिक र नगरपालिका दुवैको जिम्मेवार सहभागिताबाट मात्रै निर्मित संरचनाको प्रभावकारी उपयोग र संरक्षण सम्भव हुन्छ । सडकमा पानी जम्ने समस्या वर्षायामको असुविधा मात्र होइन । यो नगरको पूर्वाधार योजना, सार्वजनिक सुरक्षा, वातावरणीय स्वच्छता र व्यवस्थित सहरी विकाससँग जोडिएको विषय हो । सामान्य वर्षामै मुख्य सडक जलमग्न हुने अवस्था अन्त्य गर्न तत्कालीन उपायसँगै दीर्घकालीन समाधान आवश्यक छ । तीन दशकको नगर विकासलाई आधार बनाएर सिरहा नगरपालिकाले स्पष्ट लक्ष्य, प्राविधिक आधार, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयनसहितको ढल व्यवस्थापन गुरुयोजना अघि बढाउनुपर्छ । सडक बनाउनु विकासको एउटा पक्ष हो भने त्यसलाई वर्षौंदेखि सुरक्षित, सहज र उपयोगी बनाइराख्नु विकासको वास्तविक उपलब्धि हो । त्यसैले सिरहा नगरपालिकाले सडक र ढललाई अलग-अलग परियोजनाका रूपमा होइन, एकीकृत सहरी पूर्वाधारका रूपमा हेर्नुपर्छ । व्यवस्थित ढल निकास, नियमित मर्मतसम्भार र जिम्मेवार सहरी योजनामार्फत मात्रै सडक जलमग्न हुने तथा घरघरमा पानी जम्ने समस्याको दिगो समाधान सम्भव हुनेछ ।

# खुसी साट्ने पर्वमा ऋणको दलदल

**नवीन राई**



दशैंमा । घर-आँगनमा सरसफाइ सुरु भएको छ । बजारमा नयाँ कपडा, जुत्ता र मिठाईका सामान सजिन थालेका छन् । गाउँ फर्किनेहरू टिकटको खोजीमा छन् । विदेशबाट फर्किनेहरू परिवारसँग भेट्ने दिन गन्दै छन् । बालबालिकाका आँखामा नयाँ लुगाको चमक छ । वृद्धवृद्धाका मनमा छोराछोरी घर फर्किने खुसी छ । अर्थात्, दशैंले हरेक नेपालीको घरमा खुसी ल्याउने तयारी गरिरहेको छ ।

तर, यही खुसीको ढोकामै अर्को अनपेक्षित पाहुना पनि आइपुगेको छ- महँगी । दशैं हरेक वर्ष आउँछ । तर पछिल्ला वर्षहरूमा दशैंसँगै आउने एउटा कुरा भने नियमित जस्तै बन्दै गएको छ- अनियन्त्रित बजार भाउ । तलब र आम्दानी उही छ, तर बजारको मूल्य भने हरेक वर्ष अकासिँदै छ । त्यसैले दशैं हुनेखानेका लागि 'दशैं' र हुँदाखानेका लागि 'दशा' बनिरहेको छ ।

दशैंमा सबैभन्दा पहिले असर पर्ने भनेकै भान्सामा हो । चामल, दाल, तेल, तरकारी, मासु, मसला, फलफूलदेखि मिठाईसम्मको किनमेल बढ्छ । सामान्य दिनमा दुई किलो मासु किन्ने परिवारले दशैंमा चार-पाँच किलो किन्नुपर्ने हुन सक्छ । सामान्य दिनमा आवश्यकताअनुसार मात्र सामान किन्ने परिवारले पनि चाडपर्वमा पाहुना, आफन्त र भोजभतेरका कारण अतिरिक्त खर्च गर्नुपर्छ ।

तर, बजारले उपभोक्ताको यही बाध्यतालाई अवसर बनाउने गरेको गुनासो हरेक वर्ष सुनिन्छ । दशैं आउन केही दिन बाँकी हुँदै मूल्य बढ्छ । व्यापारी भन्छन्- ढुवानी महँगियो । किसान भन्छन्- उत्पादन लागत बढ्यो । आयातकर्ताहरू भन्सार, इन्धन र डलरको मूल्यवृद्धिको कुरा गर्छन् । सरकार अनुगमन भइरहेको बताउँछ । तर अन्त्यमा यसको सोझो भार कसले बोक्छ ? उही सोझा उपभोक्ताले !

महँगीको सबैभन्दा ठूलो समस्या मूल्य बढ्नु मात्रै होइन, वास्तविक समस्या त आम्दानी र खर्चबीचको दूरी हरेक वर्ष झन्-झन् फराकिलो हुँदै जानु हो । सरकारी तथ्याङ्कमा मुद्रास्फीति निश्चित प्रतिशत मात्र देखिन सक्छ । तर बजार पुग्ने उपभोक्तालाई त्यो प्रतिशतको अंकले खासै सान्त्वना दिँदैन । उसलाई त एक किलो चामलको दाम कति पर्यो, एक लिटर तेल कति पुग्यो, मासुको मूल्य कहाँ पुग्यो, बच्चाको लुगाको दाम कति पर्यो र गाउँ जाने बसको टिकट कति भयो भन्ने कुराले मात्रै अर्थ राख्छ ।

सरकारी तथ्यांकमा महँगी नियन्त्रणमै होला, तर भान्सामा त्यसको हिसाब पूर्णतः फरक हुन्छ । अझ दशैंजस्तो चाडमा मध्यमवर्गीय परिवार सबैभन्दा ठूलो दबाबमा पर्छ । धनी परिवारका लागि मूल्य बढ्दा बजेट केही तलमाथि मात्र होला, गरिब परिवारका लागि चाडपर्वको खर्च उठाउनु नै ठूलो चुनौती बन्न सक्छ । तर मध्यमवर्गीय परिवारले भने सामाजिक प्रतिष्ठा, पारिवारिक अपेक्षा र आफ्नो सीमित आम्दानीबीच निरन्तर कसरत गरिरहनुपर्छ ।

छोराछोरीलाई नयाँ कपडा नकिनिदिँदा मन दुख्छ । आमाबुबालाई खाली हात भेट्न जाँदा मन मान्दैन । घरमा पाहुना आउँदा चिया-खाजा टार्न सकिँदैन । दशैंमा मासु नसम्झिँदा पनि 'दशैं नै आएन' जस्तो लाग्छ । अनि यी सबै चाहनाको अन्तिम हिसाब खल्तीमै ठोक्किन्छ । त्यसैले दशैं नेपालीका लागि केवल धार्मिक वा सांस्कृतिक पर्व मात्र होइन, आर्थिक रूपमा पनि ठूलो परीक्षा हो ।

अर्कोतर्फ, चाडपर्वका नाममा हुने कृत्रिम मूल्यवृद्धि र कालोबजारीको प्रवृत्ति झन् चुनौतीपूर्ण छ । दशैंको भीडभाडमा उपभोक्ताले हरेक सामानको मूल्य जाँच्न भ्याउँदैनन् । पसलैपिच्छे मूल्य फरक हुन्छ । कतै छुटको बोर्ड झुन्ड्याइएको हुन्छ, तर छुटको नाममा पहिले नै मूल्य बढाएर पछि घटाइएको नाटक गरिन्छ । कतै गुणस्तरको ग्यारेन्टी हुँदैन भने कतै तौलमै ठगी हुन्छ । त्यसैले चाडपर्वको मुखमा गरिने बजार अनुगमन केवल औपचारिकतामा सीमित हुनु हुँदैन ।

सरकारले 'अनुगमन गरियो' भनेर फोटो खिचाउँदैमा मात्र पुग्दैन, अनुगमनको वास्तविक प्रभाव बजारमा देखिनुपर्छ । गलत गर्ने व्यवसायीलाई कडा कारबाही हुनुपर्छ । उपभोक्ताले ठगिएको महसुस गरेमा सहजै उजुरी गर्न सक्ने सुलभ प्रणाली हुनुपर्छ । कालोबजारी, कृत्रिम अभाव र अस्वाभाविक मूल्यवृद्धिमाथि राज्य निर्मम बन्नैपर्छ । किनकि बजारलाई खुला छाड्नु र बजारलाई मनपरी गर्न दिनु एउटै कुरा होइन ।

यसमा अर्को विडम्बना पनि छ । चाडपर्वमा सरकारले उपभोक्तालाई राहत दिने ठूला कुरा गर्छ । सुपथ मूल्य पसल खोल्छ, अनुगमनको नाटक गर्छ, सहुलियतका भाषण छाट्छ । तर यस्ता प्रयास धेरैजसो सीमित ठाउँ र पहुँचवाला उपभोक्तामै खुम्चिन्छन् । राजधानीमा केही सुपथ मूल्य पसल खुलेकै भरमा दूरदराजका गाउँका उपभोक्ताले राहत पाउँदैनन् । नेपालको ठूलो जनसंख्या गाउँमा बस्छ, जहाँ बजारको विकल्प सीमित छ, प्रतिस्पर्धा कम छ र ढुवानी खर्च चर्को छ । त्यसैले ग्रामीण उपभोक्ताले झन् दोब्बर महँगो मूल्य तिर्नुपर्ने बाध्यता छ ।

दशैंमा घर फर्किने नेपालीले बेहोर्नुपर्ने अर्को ठूलो मार हो- यातायात क्षेत्रको महँगी । टिकट पाउनै मुस्किल, पाए पनि अस्वाभाविक महँगो । सार्वजनिक यातायातमा खचाखच भीड, अग्रिम टिकटको सास्ती, मनपरी भाडाको गुनासो र जोखिमपूर्ण यात्राको डर अर्कै छ । परिवार भेट्न गाउँ फर्किनुपर्ने नागरिकले चाडको खुसीसँगै ठूलो यात्रा-तनाव बोक्नुपरिरहेको छ । त्यसपछि सुरु हुन्छ लुगा र उपहारको खर्च, जहाँ बजारमा 'दशैं अफर'को बाढी नै आउँछ । तर अफरको विज्ञापन बढ्दैमा उपभोक्ताको क्रयशक्ति त बढ्दैन ।

वास्तवमा, दशैंमा सबैभन्दा महँगो कुरा मासु वा लुगा होइन, समाजमा बढ्दै गएको देखासिकी हो । अरूको घरमा नयाँ टिभी आयो, आफ्नो घरमा पनि चाहियो । अरूले महँगो कपडा फेरे, आफ्ना छोराछोरीलाई पनि त्यस्तै चाहियो अरूले ठूलो भोजभतेर गरे, आफूले पनि गर्नैपर्ने दबाब । यही अस्वस्थ प्रतिस्पर्धाले मानिसलाई ऋणको दलदलमा धकेल्छ ।

चाडपर्व ऋण लिएर देखाउनका लागि होइन, आफ्नो क्षमताअनुसार खुसी साट्नका लागि हो । तर उपभोक्तालाई मात्रै दोष दिएर राज्य आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन । नागरिकले मितव्ययिता अपनाउनुपर्छ, तर बजारलाई अनुशासित र सन्तुलित बनाउने मुख्य जिम्मेवारी सरकारकै हो । स्वदेशी उत्पादन बढाउने, बिचौलियाको प्रभाव घटाउने, आपूर्ति व्यवस्था सहज बनाउने, ढुवानी लागत घटाउने र बजारमा स्वच्छ प्रतिस्पर्धा बढाउने दीर्घकालीन काम नगरी हरेक दशैंमा अनुगमनको डण्डा देखाएर मात्र महँगी नियन्त्रण हुन सक्दैन ।

हरेक वर्ष एउटै निरस कथा दोहोरिनु हुँदैन- दशैं आयो, बजार महँगियो, केही दिन अनुगमन भयो, अनि चाड सकिएपछि सबै पुरानै अवस्थामा फर्कियो । दशैं नेपालीको मौलिक सांस्कृतिक पहिचान हो । यो धनीले मात्र रमाइलो गर्ने र गरिबले हिसाब किताब गरेर आँसु खसाल्ने पर्व बन्नु हुँदैन । आमाबुबाको हातबाट टीका लगाएर आशीर्वाद लिँदा छोराछोरीको मनमा 'यसपालि धेरै ऋण लाग्यो' भन्ने मानसिक बोझ हुनु हुँदैन । दशैंमा घर-घरमा हाँसो हुनुपर्छ, हिसाबको तनाव होइन ।

यसपटक पनि दशैं संघारमै छ । बजारमा भीड बढ्दै छ, किनमेल बढ्दै छ र मूल्य पनि त्यसरी नै अकासिँदै छ । अब राज्यले समयमै सोच्नुपर्छ- चाडपर्व जनताको खल्ती रित्त्याउने मौसम होइन, नागरिकको अनुहारमा वास्तविक मुस्कान ल्याउने अवसर हुनुपर्छ । नत्र हरेक वर्ष दशैं त आउँछ, टीका पनि लाग्छ, जमरा पनि पहिरिइन्छ, आफन्तसँग भेटघाट पनि हुन्छ । तर चाड सकिँदा सर्वसाधारण नागरिकको एउटा अनुत्तरित प्रश्न भने उस्तै रहन्छ- दशैं किन 'दशैं' नभई 'दशा' बन्छ ?

### २ स्थानमा आगलागी, पशुचौपायासहित ...........

मृत्यु भएको छ । प्रहरीका अनुसार बिहीबार राति करिब १:३० बजे स्थानीय ४७ वर्षीय वीरेन्द्र यादवको बाँसको टाटीले घेरिएको र फुसको छानो भएको एकतले गाईगोठ तथा भान्सा घरमा आगलागी भएको थियो । आगलागीमा परी एउटा भैंसी र दुईवटा गोरुको मृत्यु भएको छ भने घरभित्र रहेका अन्नपात, भाँडाकुँडा तथा अन्य सामग्री जलेर नष्ट भएका छन् ।

आगलागीको खबर प्राप्त हुनासाथ प्रहरी चौकी बेल्हाबाट खटिएको प्रहरी टोली र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

विष्णुपुरको घटनामा मात्रै करिब पाँच लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण प्राप्त भएको छ । दुवै घटनामा मानवीय क्षति नभएको जनाइएको छ ।

- ग्राहक बन्नु परेमा ।
- नवीकरण गर्नु परेमा ।
- ठेगाना परिवर्तन भएमा ।
- पत्रिका नियमित नआएमा ।

**सिधा सम्पर्क ०३३-५२१२१४**

## आजको राशिफल

**मेष :** आर्थिक मामिलामा सुधार आउने र सोचेभन्दा बढी लाभ मिल्ने योग छ ।

**बृष :** आत्मविश्वास बलियो हुनाले आँटेका सबै काम सफलतापूर्वक सम्पन्न हुनेछन् ।

**मिथुन :** विदेश यात्रा वा वैदेशिक क्षेत्रसँग सम्बन्धित कामहरूमा प्रगति हुनेछ ।

**कर्कट :** लामो समयदेखि रोकिएका व्यापारिक तथा व्यावसायिक कार्यहरू सुचारू हुनेछन् ।

**सिंह :** व्यापार व्यवसायमा सोचेभन्दा राम्रो लाभ मिल्नुका साथै नयाँ जिम्मेवारी थपिनेछ ।

**कन्या :** भाग्यले साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यतर्फ रुचि बढ्नेछ ।

**तुला :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला ।

**वृश्चिक :** दापत्य जीवनमा मिठास छाउनुका साथै साझेदारीका कामहरूबाट फाइदा हुनेछ ।

**धनु :** कानूनी वा अदालती मामिलामा विजय प्राप्त हुने र पुराना विवादहरू किनारा लाग्नेछन् ।

**मकर :** नयाँ कार्ययोजना बन्ने र पारिवारिक वातावरण रमाइलो रहनेछ । स्वास्थ्य पक्ष सामान्य रहनेछ ।

**कुम्भ :** घरपरिवारमा सुखशान्ति कायम रहनुका साथै भौतिक साधन जुटाउने अवसर मिल्नेछ ।

**मीन :** आफन्तजनको सहयोगले रोकिएका कामहरूले पूर्णता पाउनेछन् ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# हरवा चरवाको लगत संकलन कार्यविधि र ज्याला निर्धारण सम्बन्धी छलफल

अपन दैनिक संवाददाता
सप्तरी, असोज २४ गते

भूमिहीन सुकुम्बासी रहेका हरवा चरवाले पाउने सेवा सुविधका लागि लगत संकलन, पहिचान र परिचय पत्र वितरण तथा कृषि मजदूरीमार्फत जीविका चलाउँदै आएका उनीहरुका लागि पालिका तहमा ज्याला निर्धारण समिति गठन सम्बन्धी छुट्टाछुट्टै छलफल गरिएको छ।






सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा ज्याला निर्धाराण तथा सप्तकोशी नगरपालिकामा हरवा चरवाको लगत संकलन, पहिचान र पचिरय पत्र वितरण तथा सम्बन्धी छलफल गरिएको हो। गाउँपालिकाको सभाकक्षमा शुक्रबार आयोजित छलफल कार्यक्रममा प्रमुख अतिथिको रुपमा न्यायिक समितिकी संयोजक समेत रहेकी गाउँपालिका उपाध्यक्ष फलकुमारी साहले दलित, गरिब, कृषि मजदूर, हरवा चरवाका लागि पालिकाले पनि स्रोत साधनले भ्याएसम्म काम गर्नुपर्नेमा जोड दिइन्।

पालिकाको बढी बजेट प्राय: भौतिक पूर्वाधारको क्षेत्रमा मात्र खर्चिंदा आर्थिक, सामाजिक रुपले पछाडि पारिएका दलित, भूमिहीन, हरवा चरवाको अवस्था सुधार हुन नसक्ने उल्लेख गर्दै उनले पालिकाले ध्यान नदिएको क्षेत्रमा सामाजिक संघ संस्थाले काम गरिरहेकोप्रति धन्यवाद ज्ञापन गरिन्। 'संघ संस्थाका सामुदायिक कार्यक्रमले दलित बस्तीहरुमा जागरुकतासँगै संगठन, साक्षरता बढेको छ' उनले भनिन् 'लक्षित समूहका सदस्यहरुले आफूसँगै समुदायको पनि आचरण सुधार्न ध्यान दिनुपर्छ, अन्यथा आश्रित परिवारलाई ठूलो समस्या आइपर्न सक्छ।' गाउँघरकै काममा रुमल्लिन बाध्य महिलाहरुलाई सक्षम बनाउँदै अवसर दिइनु पर्ने उनको धारणा थियो।

छलफल कार्यक्रममा तिलाठी कोइलाडी ८ का वडाध्यक्ष सत्यनारायण यादवले गाउँमा अझै बहुसंख्यक दलितहरुले थातवास र जीविकाको समस्या झेलिरहेको चर्चा गर्दै पालिकाले समस्या समाधानका लागि पहल गर्नुपर्नेमा जोड दिए। 'त्यसका लागि गाउँ कार्यपालिकाको बैठकमा प्रस्ताव लैजाने छौं' उनले भने 'पालिका क्षेत्रमा ज्यालामा एकरुपता नरहेकाले समानताका लागि ज्याला निर्धारणका लागि समिति गठन जरुरी छ।'

स्थानीय दलित अगुवा सुकदेव रामले गाउँघरमा जातीय विभेदका घटना न्यून हुँदै गएको चर्चा गर्दै दलितहरुको आर्थिक सवलीकरणका लागि ध्यान दिनुपर्ने माग गरे। 'आर्थिक सवलीकरणले दलितहरुको स्वत: शिक्षाप्रतिको लगाव बढ्ने भएकाले पालिका र वडा कार्यालयले त्यसमा लगानी गर्नुपर्छ।'

**'तथ्यांक संकलन गर्दा सजगता अपनाऔं'**

त्यसको अघिल्लो दिन सप्तकोशी नगरपालिका उपप्रमुखको कार्यकक्षमा आयोजित हरवा चरवाको लगत संकलन, पहिचान र पचिरय पत्र वितरण सम्बन्धी छलफल कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत नारायण ढकालले विभिन्न कारणले लामो समयदेखि पछाडि पारिएकाहरुलाई मूल धारमा ल्याउन जरुरी रहेको बताए।

सिमान्तीकरण गरिएका समूहमा पर्ने हरवा चरवालाई मूल धारमा ल्याउन के गर्ने, कसरी गर्ने भन्ने प्रश्न महत्वपूर्ण रहेको चर्चा गर्दै उनले त्यसका लागि आयोजकले नगरपालिकामार्फत कार्यविधि निर्माण गरी हरवा चरवाको लगत संकलन, पहिचान र पचिरय पत्र वितरण सम्बन्धी काम गर्न औंल्याएको सुझाव मननीय रहेको बताए। 'जसका लागि काम गर्दैछौं वा गर्ने हौं, गैर हरवा चरवाहरु नपरुन् भन्नेमा अत्यन्त सजग हुनुपर्छ' उनले भने 'हरवा चरवालाई परनिर्भर बन्न नदिन अधिकारका कुरा सिकाउँदै काम गर्न पनि प्रेरित गरिरहनु पर्छ।' हरवा चरवालाई मूल धारमा ल्याउन कार्यविधिको विषयमा प्राप्त सुझावहरुलाई मनन् गर्दै पालिका क्षेत्रमा अझै हरवा चरवा छन् भने खोजौं, तथ्यांक संकलन गरौं।'

सप्तकोशी ३ का वडाध्यक्ष देवकान्त गोजेवारले विकास भनेको मानवीय र सामाजिक विकास समेत रहेको चर्चा गर्दै पछाडि पारिएका समूहका लागि छुट्याइएको कार्यक्रमको प्रभावकारिताको लागि मिहेनत गर्नुपर्ने बताए। 'हरेक वार्डमा दलित हरवा चरवाहरुलाई सशक्त बनाउनु पर्छ' उनले भने 'सप्तकोशी नगरपालिकाले यिनीहरुका लागि काम गर्नुपर्छ।'

दलित अधिकारकर्मी तथा पत्रकार मणिलाल विश्वकर्माले सप्तकोशीमा हरवा चरवाको लगत संकलन, पहिचान र परिचय पत्र वितरण सम्बन्धी कार्यविधि निर्माणको उद्देश्य, प्रकृया, विषयवस्तु तथा तिलाठी कोइलाडी गाउँपालिकामा ज्याला निर्धारण सम्बन्धी सहजीकरण गरेका थिए भने जनचेतना दलित संगमका कार्यकारी निर्देशक इन्द्रप्रसाद रामले सहभागीहरुको स्वागतसहित उद्देश्य बारे प्रष्ट्याएका थिए। द फ्रिडम फण्डको आर्थिक सहयोगमा संगमद्वारा

बाँकी पृष्ठ ४ ▸▸

# जनमत पार्टीद्वारा विभिन्न विशेष समिति गठन




अपन दैनिक संवाददाता
काठमाडौं, असोज २४ गते

जनमत पार्टीले विशेष समिति गठन गर्दै समितिका पदाधिकारीहरूसमेत चयन गरेको छ।

दोस्रो महाधिवेशनबाट निर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकले उक्त विशेष समिति गठन गरेको पार्टीका अध्यक्ष डा. सीके राउतले जानकारी दिएका छन्।

गठित समितिअनुसार केन्द्रीय अनुशासन समितिको संयोजकमा उपाध्यक्ष नरेन्द्र चौधरी चयन भएका छन्। उक्त समितिको सचिवमा अनिताकुमारी मण्डल र सदस्यमा सत्यनारायण खड्ग खत्वे रहेका छन्। त्यस्तै केन्द्रीय पुनरावेदन समितिको अध्यक्षमा सञ्जयकुमार मिश्र, सचिवमा प्रियंकाकुमारी सन्त र सदस्यमा विरेन्द्र महतोलाई चयन गरिएको छ।

सञ्जयकुमार सिंहको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय निर्वाचन समितिसमेत गठन गरिएको छ। उक्त समितिको सदस्य सचिवमा राजेशकुमार मण्डललाई राखिएको छ।

शिवनाथ पटेलको संयोजकत्वमा केन्द्रीय विवाद समाधान समिति गठन गरिएको छ, जसको सचिवमा दुष्यन्त कर्ण रहेका छन्। यसैगरी राजेशप्रसाद साहको संयोजकत्वमा केन्द्रीय लेखा समिति गठन गरिएको छ, जसको सचिवमा श्यामशङ्कर चौरसिया रहेका छन्।

बाँकी पृष्ठ ४ ▸▸

## 'हामी आउँदैछौं' भन्दै गाउँ पसेका ............

मात्र उम्मेदवारीको आधार नबनाई निर्धारित विधि र वस्तुगत मूल्याङ्कनलाई प्राथमिकता दिन ध्यानाकर्षण पत्रमा उल्लेख छ।

पार्टीमा नयाँ व्यक्तिलाई प्रवेश गराउनु र अवसर दिनु आवश्यक रहे पनि स्थापनाकालदेखि निरन्तर सक्रिय कार्यकर्ताको योगदानको सम्मान गर्नु उत्तिकै महत्त्वपूर्ण रहेको यादवले स्मरण गराएका छन्। नयाँ प्रवेश गर्ने व्यक्तिका लागि लागु हुने योग्यता, कुलिङ पिरियड र अन्य मापदण्ड स्पष्ट र समान रूपमा कार्यान्वयन गर्न उनले जोड दिएका छन्।

यादवले आफ्नो पत्रको निष्कर्षमा लेखेका छन्, 'पार्टीको दीर्घकालीन सफलता निर्वाचनमा उम्मेदवार उठाउने वा सङ्गठन विस्तार गर्ने कार्यमा मात्र निर्भर हुँदैन।

स्थानीय नागरिकका समस्या बुझ्ने, योग्य नेतृत्व विकास गर्ने, आन्तरिक लोकतन्त्र कायम राख्ने र सार्वजनिक प्रतिबद्धताअनुसार जवाफदेही रहने क्षमतामा पनि निर्भर हुन्छ।'










## दसैं बिदामा पनि बन्दी प्रत्यक्षीकरणको निवेदन सुनुवाइ, जरुरी पक्राउ पुर्जी जारी हुने

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २४ गते**

सिरहा जिल्ला अदालतले नेपालीहरूको ठूलो चाड बडादसैंको १५ दिने बिदा अवधिमा अदालत बन्द रहने भए पनि बन्दी प्रत्यक्षीकरणको निवेदन सुनुवाइ, जरुरी पक्राउ पुर्जी जारी र अनुमतिसम्बन्धी सेवा दिने भएको छ।

अदालतका श्रेस्तेदार/उपसचिव दिनेश सुवेदीले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै विशेष व्यवस्थाअन्तर्गतका कार्यहरूका लागि २५ असोजदेखि ८ कात्तिकसम्म शनिबार, घटस्थापना र विजयादशमीबाहेकका दिनहरूमा बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म अदालत खुला रहने जानकारी दिए।

सूचनामा अदालत खुला भएको दिन अपराह्न १ बजेसम्म दर्ता हुन आएका बन्दी प्रत्यक्षीकरण सम्बन्धी निवेदनहरू सोही दिन सुनुवाइ हुने र त्यसपछि दर्ता हुने निवेदनहरू त्यसको भोलिपल्ट सुनुवाइ हुने व्यवस्था मिलाइएको उल्लेख छ।




# लागूऔषध नियन्त्रण र सामाजिक विकृति हटाउन मौलापुरका गाउँवासी एकजुट

## नशालु पदार्थ सेवन गरे ५ हजार रुपैयाँ जरिवाना हुने

**अपन दैनिक संवाददाता**
**रौतहट, असोज २४ गते**

रौतहटको मौलापुर नगरपालिका-१ मर्यादपुरमा लागूऔषध दुर्व्यसन नियन्त्रण, सामाजिक विकृति हटाउन तथा गाउँमा शान्ति र अनुशासन कायम गर्न स्थानीयवासीहरू जुटेका छन्।

समाज सुधारका लागि स्थानीय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, किसान, सञ्चारकर्मी तथा भद्रभलादमीको सहभागितामा समिति गठन गरिएको हो।

गाउँ समाजलाई सभ्य, अनुशासित र व्यवस्थित बनाउने उद्देश्यले बसेको बैठकले लागूऔषध तथा अन्य नशालु पदार्थको सेवन नियन्त्रण गर्ने, युवालाई कुलतबाट जोगाउने र सामाजिक सद्भाव कायम राख्ने निर्णय गरेको छ। बैठकले समितिमा आबद्ध व्यक्तिहरूले चुरोट, खैनीलगायत कुनै पनि नशालु पदार्थ सेवन नगर्ने प्रतिबद्धता जनाएको छ। समितिमा आबद्ध



व्यक्तिले त्यस्ता पदार्थ सेवन गरेको पाइएमा ५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरिएको सहभागी भोला पाण्डेले जानकारी दिए।

त्यसैगरी गाउँका कुनै पनि व्यक्तिले गाँजा, चरेस, वाटर गनलगायत लागूऔषध तथा नशालु पदार्थ सेवन गरेको पाइएमा जरिवाना गर्ने निर्णयसमेत बैठकले गरेको छ। समाजमा बढ्दै गएका विकृति, विसङ्गति र कुलत नियन्त्रण गरी सकारात्मक सामाजिक वातावरण निर्माण गर्ने उद्देश्यले स्थानीयस्तरबाटै यस्तो पहल गरिएको सहभागीहरूले बताएका छन्। समितिमार्फत निर्णय कार्यान्वयन गर्दै समाज सुधारका अभियानलाई प्रभावकारी बनाउने लक्ष्य लिइएको छ।

उक्त बैठकमा मौलापुर नगरपालिकाका उपप्रमुख नागेन्द्र यादव, वडा नम्बर १ का अध्यक्ष जयनाथ कुशवाहा, मेयरका प्रत्याशी रामाप्रवेश यादव, कृष्ण तिवारीसहित स्थानीय जनप्रतिनिधि, समाजसेवी, किसान, बुद्धिजीवी तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

स्थानीयस्तरमै सामूहिक प्रतिबद्धता जनाउँदै समिति गठन गरिएपछि मर्यादपुरमा लागूऔषध नियन्त्रण र सामाजिक विकृति न्यूनीकरणको अभियान अघि बढाउने तयारी गरिएको छ।

### जनमत पार्टीद्वारा .........

अन्य विभाग, मोर्चा तथा परिषद्हरू भने गठन गर्न बाँकी नै रहेको अध्यक्ष राउतले बताएका छन्।

### हरवा चरवाको लगत संकलन कार्यविधि र ज्याला ............

आयोजित तिलाठी कोइलाडी र सप्तकोशी दुवै ठाउँका छलफल कार्यक्रम कोषाध्यक्ष बेचनीदेवी सदाको अध्यक्षता र सामाजिक परिचालक प्रेम विश्वकर्माको संचालनमा भएको थियो।

### आज घटस्थापना, घरघरमा जमरा ............

नवरात्रभर महाकाली, महालक्ष्मी र महासरस्वतीका रूपमा दुर्गा भवानीको विशेष पूजा गरिन्छ। महाकालीलाई शक्ति, महालक्ष्मीलाई धनधान्य तथा ऐश्वर्य र महासरस्वतीलाई विद्या तथा बुद्धिको प्रतीकका रूपमा आराधना गर्ने परम्परा छ।

नवरात्रका नौ दिन दुर्गाका नौ स्वरूप–शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको क्रमशः पूजा गरिन्छ। यस अवधिमा दुर्गा सप्तशती, चण्डी, श्रीमद्देवीभागवतलगायत धार्मिक ग्रन्थको पाठ तथा देवी स्तोत्रको वाचन गर्ने चलन छ।

धार्मिक मान्यताअनुसार दुर्गा पक्ष असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीक हो। दुर्गा भवानीले दुष्ट प्रवृत्तिको विनाश गरी मानव कल्याण गर्ने शक्तिका रूपमा देवीको आराधना गरिने शास्त्रीय परम्परा रहेको छ।

दसैंका अवसरमा सिरहाको माडर, सिरहा सदरमुकाम, भलुवाही, नरहैया, बिष्णुपुर, कल्याणपुर, मिर्चैया, गोलबजार र लहानलगायतका स्थानमा रहेका शक्तिपीठ तथा दुर्गा मन्दिरमा भक्तजनको चहलपहल बढ्ने गर्छ। नवरात्रभर भक्तजनले देवीको दर्शन, पूजाआराधना तथा उपवास गरी सुख, शान्ति, समृद्धि र परिवारको कल्याणको कामना गर्छन्।

बडादसैंको सातौं दिन फूलपाती भित्र्याइन्छ भने महाअष्टमी र महानवमीमा विभिन्न शक्तिपीठ तथा दसैंघरमा विशेष पूजाआराधना गरिन्छ। परम्पराअनुसार बलिपूजा गर्ने स्थानमा महाअष्टमी र महानवमीका दिन बलिसहित विशेष पूजा गर्ने चलन पनि छ।

घटस्थापनादेखि सुरु भएको दुर्गा भवानीको पूजाआराधना विजयादशमीका दिन विधिपूर्वक देवी विसर्जन गरेपछि टीका, जमरा र फूलप्रसाद ग्रहण गर्दै अघि बढ्छ। विजयादशमीदेखि कोजाग्रत पूर्णिमासम्म मान्यजनबाट टीका तथा आशीर्वाद लिने परम्परा छ। कोजाग्रत पूर्णिमाका दिन महालक्ष्मीको पूजा गरी धनधान्य, सुख र समृद्धिको कामना गर्ने चलनसमेत छ।

रोजगारी, अध्ययन तथा अन्य कामका लागि घरबाहिर रहेका मानिस दसैंका अवसरमा घर फर्कने भएकाले यो पर्व धार्मिक तथा सांस्कृतिक महत्त्वसँगै पारिवारिक पुनर्मिलनको अवसरका रूपमा पनि लिइन्छ।







